# नेपाल प्रहरीमा समावेशीकरण

## टीकाराम राई

नेपालको अन्तरिम संविधानमा महिला, मधेसी, दलित, जनजाति र पछाडि पारिएका क्षेत्रकालाई समावेशीकरण गर्नुपर्ने उल्लेख छ । अन्तरिम संविधान घोषणा भएको आठ महिनापछि, २०६४ असोज ३० गते, मन्त्रिपरिषद्ले राज्यको एक निकाय नेपाल प्रहरीको भर्नामा मात्र आरक्षण दिने निर्णय गर्‍यो । यो नै समावेशीकरणसम्बन्धी संवैधानिक व्यवस्थालाई व्यवहारमा लागू गर्ने पहल थियो । भर्नामा महिला, जनजाति, मधेसी, दलित र पछाडि पारिएका क्षेत्रलाई आरक्षण दिने मन्त्रिपरिषद्को त्यस निर्णयले नेपाल प्रहरीमा समावेशीको स्थितिमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

नेपालको अन्तरिम संविधानभन्दा पहिला समावेशीको मुद्दाले स्पष्ट रूपमा संवैधानिक मान्यता पाएको थिएन । तथापि तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११.३ मा आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पिछडिएकालाई 'विशेष व्यवस्था' गर्ने उल्लेख थियो । त्यस संवैधानिक व्यवस्थाले दलित, महिला र जनजातिका लागि विशेष व्यवस्था गर्न सरकारलाई कानुनी बाटो खोलेको थियो । महिलालाई सशक्त पार्न मूलप्रवाहीकरण गर्नुपर्ने सोचअनुसार निजामती सेवामा महिला अधिकृतहरूको सङ्ख्या वृद्धि गर्न केही पहल पनि भए ।[१] तर

---

[१] निजामती सेवामा महिला समावेशीकरणको विस्तृत विवरणको लागि यसै पुस्तकमा हिक्मत विश्वकर्माको लेख हेर्नुहोस् ।

भारतमा जस्तो पिछडिएका समूह दलित, महिला, मधेसी, जनजातिलाई मूलधारमा ल्याउनका लागि प्रहरी सेवामा आरक्षण दिने व्यवस्था गर्ने कुरा गृहमन्त्रालयका अधिकारीहरू सुन्न पनि चाहँदैनन् । दोस्रो जनआन्दोलनको जगमा टेकेर गठन भएको अन्तरिम व्यवस्थापिका संसदले बनाएको अन्तरिम संविधानको धारा ३३(घ) ले समावेशीकरणलाई वैधानिकता दिएपछि प्रहरी भर्नामा पनि आरक्षण दिन सरकार बाध्य भएको छ ।

नेपाल प्रहरी समावेशी हुनुपर्ने विषयमा अब विवाद रहेन । तथापि 'नेपाल प्रहरीमा समावेशीकरण' अत्यन्त नवीन विषय हो । यस लेखको प्राथमिक उद्देश्य (१) नेपाल प्रहरीमा समावेशीकरणको अवधारणा, (२) नेपाल प्रहरीमा समावेशीकरणको अवस्था, (३) नेपाल प्रहरी समावेशी नहुनाका कारण, (४) नेपाल प्रहरीमा समावेशीकरणको आवश्यकता र (५) नेपाल प्रहरीलाई समावेशी बनाउने उपायबारे स्पष्ट पार्नु हो । अन्य उपयोगिताको अलावा यो आलेख नेपाल प्रहरीको लोकतान्त्रिक[२] रूपान्तरणको नीतिनिर्माण गर्न पनि महत्त्वपूर्ण हुने विश्वास गर्न सकिन्छ ।

## अवधारणागत स्पष्टता

नेपाल प्रहरीमा समावेशीकरणबारे प्रस्ट हुन 'नेपाल प्रहरी' र 'समावेशीकरण' बारे स्पष्ट हुनुपर्छ । 'नेपाल प्रहरी' प्रहरी ऐन २०१२ बाट स्थापित सार्वजनिक सुरक्षासँग सम्बन्धित निकाय हो । यसले कानुनले तोकेअनुसार नेपाली जनताको जीउधनको सुरक्षा र अपराध रोकथाम तथा नियन्त्रण गर्नका साथै आमजनताको न्यायमा पहुँच बढाउँछ । समावेशीकरण सामाजिक, आर्थिक, राजनीतिक र ऐतिहासिक कारणले समाजको मूलधारबाट बाहिर पारिएकाहरूलाई राज्यको हरेक निकाय र तहमा विशेष व्यवस्था (आरक्षण) को माध्यमबाट समावेश गरी मूलधारमा ल्याउने अवधारणा हो । उदार लोकतन्त्रमा विश्वास गर्नेहरूले समावेशीकरणलाई राजनीतिक मुद्दाको रूपमा हेरेको पाइन्छ । राजनीतिक अवधारणाबाट मात्र सामाजिक विभेद अन्त्य नहुने विश्वासमा समाजशास्त्रीहरूले पछि सामाजिक मुद्दाका रूपमा हेरिनुपर्ने अवधारणा अगाडि ल्याए । राजनीतिक

---

२ लोकतान्त्रिक प्रहरी निर्वाचित नागरिक सरकारको नियन्त्रणमा तथा जनता, संसद र संविधानप्रति उत्तरदायी हुन्छ । यसमा पिछडिएका समुदायहरू (महिला, जनजाति, मधेसी, दलित) को पर्याप्त प्रतिनिधित्व हुनुको साथै सुशासनको राम्रो अभ्यास गरिएको हुन्छ । कानुनको पालना गर्नु/गराउनुको साथै मानवअधिकार तथा नागरिक अधिकारको सम्मान, संरक्षण गर्नु यसको प्रमुख दायित्व र कर्तव्य हुन्छ । यसको भर्ना, सरुवा र बढुवा प्रहरी सेवा आयोगको माध्यमबाट निष्पक्ष तथा पारदर्शी रूपमा गरिन्छ ।

रूपले भन्दा पनि सामाजिक कारणले मानिस विभेदको शिकार भई पछाडि परेको हुन्छ भन्ने तर्क समाजशास्त्रीहरूको छ ।

समावेशीकरणका अभियानकर्ता तथा समाजशास्त्री कृष्णबहादुर भट्टचनका अनुसार सबै जाति, जनजाति, लिङ्ग, भाषाभाषी, धर्म, संस्कृति तथा क्षेत्रीय समूहहरूको समानुपातिक आधारमा शक्ति र अधिकारको साझेदारी गर्नु नै समावेशीकरण हो (भट्टचन सन् २००४: ५०) । राज्यको महत्त्वपूर्ण निकाय नेपाल प्रहरीमा समावेशीकरण गर्नु भनेको तल्लो तहदेखि नेतृत्व तहसम्म जनजाति, दलित, महिला, मधेसीको संलग्नता बढाउनु हो । भर्ना, छनोट, बढुवा, जिम्मेवारी (सरुवा/काज) र अवसर प्राप्तिमा सबै जात/जनजाति, महिला, दलित, मधेसी तथा भौगोलिक दृष्टिले पछाडि परेका जनताको समानुपातिक प्रतिनिधित्वबाट मात्र नेपाल प्रहरी समावेशी हुन सक्दछ । जवानदेखि नेतृत्व तह (प्रहरी वरिष्ठ उपरीक्षकदेखि प्रहरी महानिरीक्षकसम्म) त्यस प्रकारको प्रतिनिधित्व बढाउने प्रक्रिया नेपाल प्रहरीमा समावेशीकरण हो । समावेशीकरणले सबै दृष्टिले पछाडि परेका जनतामा नेपाल प्रहरीबारे संरक्षण र अपनत्वको भावना विकासमा योगदान दिन्छ । यसले समाजलाई सशक्त गर्नका अतिरिक्त अपराध नियन्त्रण तथा रोकथाममा स्तर बढाई आमजनताको न्यायमा पहुँच वृद्धि गर्छ । यसले समाजमा हिंसा घटाई सुरक्षाको विश्वास बढाउन योगदान दिन्छ ।

## नेपाल प्रहरीमा समावेशीको अवस्था

समावेशीकरणबारे भट्टचनको परिभाषामा समानुपातिक प्रतिनिधित्व उल्लेख भएकोले कुन निकाय कति समावेशी छ भनी स्पष्ट पार्न नेपालको जातीय, भाषिक, धार्मिक बनावटबारे पनि स्पष्ट हुन आवश्यक छ । समाजशास्त्रीद्वय डिल्लीराम दाहाल र भट्टचनले कुल धार्मिक समूह नौ, जनजाति समूह १००, भाषिक समूह ९२, हिन्दू उच्च जाति (ब्राह्मण, क्षेत्री, ठकुरी) ४६.५८ प्रतिशत, दलित ११.६६ प्रतिशत, आदिवासी/जनजाति ३६.३१ प्रतिशत, मुसलमान ४.२९ प्रतिशत र अन्य १.६ प्रतिशत भएको उल्लेख गरेका छन् (दाहाल र भट्टचन २०६३: ३६) । कुल जनसङ्ख्याको करिब ५०.३ प्रतिशत महिला छन् । ७५ जिल्लामध्ये २२ जिल्ला तराईमा पर्छ । कुल जनसङ्ख्याको ४८.४३ प्रतिशत (१,१३,१२,४३५ जना) मधेस क्षेत्रको जनसङ्ख्यामध्ये ४० प्रतिशत पहाडी छन् भने ६० प्रतिशत मधेसी भएको तथ्य समाजशास्त्रीद्वयले एक आलेखमा उल्लेख गरेका छन् (हेर्नुहोस् अनुसूची १) ।

नेपाल प्रहरीलाई समावेशी गर्नु भनेको देशभरिका जातीय, लैङ्गिक र क्षेत्रीय विविधताको आधारमा नेपाल प्रहरीको हरेक तहमा समानुपातिक प्रतिनिधित्व गराउनु हो भनी सरकारले नबुझे जस्तो छ । यसलाई समावेशी गर्न भर्ना छनोट, बढुवा जिम्मेवारी प्रदान (सरुवा) र अवसर प्रदानमा समानुपातिक प्रतिनिधित्व गरिनुपर्छ । भर्ना छनोटमा मात्र महिला, जनजाति, दलित, मधेसी र पारिएका वर्गलाई ४५ प्रतिशत कोटाको व्यवस्था गरिएको छ । तर भर्ना छनोटमा मात्र कोटा छुट्टयाएर नेपाल प्रहरी समावेशी हुन्छ भन्ने बुझाइ गलत मात्र छैन, पूर्वाग्रहपूर्ण पनि छ ।

नेपाल प्रहरीमा समावेशी अवस्था थाहा पाउन लक्षित समूहको सहभागिता सङ्ख्या स्पष्ट हुनुपर्छ । प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सुशीलवरसिंह थापा नेपाल प्रहरीमा महिलाबाहेक जनजाति, मधेसी, दलित तथा पिछाडिएका क्षेत्रको जनसाङ्ख्यिक विविधता छुट्टयाई तथ्याङ्क ननिकालिएको बताउँछन् ।[३] तथ्याङ्कको अभावमा जनजाति, मधेसी, दलित तथा पछाडि पारिएका क्षेत्रको सहभागिता यकिनसाथ यहाँ उल्लेख गर्न सकिन्न । तथापि नेपाल प्रहरीमा पनि समावेशीको अवस्था अत्यन्तै नाजुक भएको प्रस्ट छ ।

कुल करिब ५६ हजारमध्ये २,२९८ (४.३ प्रतिशत) महिला प्रहरी छन् । २,२९८ महिला प्रहरीमध्ये ४० सिनियर अफिसर (प्रहरी निरीक्षकदेखि माथि), २८८ जुनियर अफिसर (प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक) र १,८७८ हवल्दार र सिपाही छन् । नेपाल प्रहरीमा महिलाको प्रतिनिधित्व ४.३ प्रतिशत हुनु भनेको अत्यन्तै नगण्य हो । निजामती सेवामा महिलाको संलग्नता करिब आठ प्रतिशत छ (दाहाल र भट्टचन २०६३) । यसको तुलनामा पनि नेपाल प्रहरीमा महिलाको प्रतिनिधित्व दयनीय नै हो । निजामती सेवामा महिला अधिकृतको सङ्ख्या मात्र करिब चार प्रतिशत छ । सचिव (विशिष्ट श्रेणी) को पदमा महिलाले सेवा गरिसकेका छन् भने नेपाल प्रहरीमा वरिष्ठ प्रहरी उपरीक्षक (प्रथम श्रेणी) को पदमा मात्र महिला पुगेका छन् । ५६ जना वरिष्ठ उपरीक्षकमध्ये दुई महिला, १०७ प्रहरी उपरीक्षकमध्ये पाँच महिला (प्राविधिक), ३०२ नायव प्रहरी उपरीक्षकमध्ये १२ महिला र १,०४५ प्रहरी निरीक्षकमध्ये २५ महिला छन् ।

---

[३] प्रहरी महानिरीक्षकको सचिवालयको प्रत्यक्ष मातहतमा प्रवक्ताको कार्यालय हुन्छ । अपेक्षा अनुरूप सूचना प्रवाह तथा सम्प्रेषण गर्न प्रवक्ता स्वतन्त्र छैन । प्रवक्ताले सूचना सम्प्रेषणको लागि उच्च अधिकारीहरूबाट सहयोग पाउँदैन ।

***जिम्मेवारी***

नेपाल प्रहरी समावेशी भए नभएको खुट्ट्याउने (जाँच्ने) अर्को आधार प्रहरीलाई सुम्पिएको जिम्मेवारी हो । प्रतिष्ठा र शक्तिको दृष्टिले महत्त्वपूर्ण जिम्मेवारी पाउने प्रहरी अधिकृतहरूको शान सामान्य जिम्मेवारी पाउनेको भन्दा बढी हुन्छ । सक्रियता, चुनौती र अधिकारको आधारमा महत्त्वपूर्ण जिम्मेवारी हो वा होइन निर्धारण हुन्छ । जिल्ला प्रहरी प्रमुखको जिम्मेवारी महत्त्वपूर्ण मानिन्छ । स्थानीय प्रशासन ऐनले जिल्ला प्रहरी प्रमुखलाई शान्ति सुरक्षामा उत्तरदायी र जिम्मेवार बनाएकाले महत्त्वपूर्ण मानिएको हो । अञ्चल प्रहरी कार्यालय र जिल्ला प्रहरी प्रमुखहरूको अनुगमन र सुपरिवेक्षण गर्ने जिम्मेवारी क्षेत्रीय प्रहरी प्रमुखको हो । क्षेत्रको शान्ति सुरक्षाको विषयमा गृहमन्त्रालयलाई सुझाव दिने अधिकार क्षेत्रीय प्रहरी प्रमुख र उपत्यकामा महानगरीय प्रहरी प्रमुखको हो । यो करिब १७५ वर्ष अगाडि बेलायतको लण्डन महानगरपालिकामा सुरु भएको महानगरीय प्रहरी प्रणाली[४] हो, जुन काठमाडौँ उपत्यकामा २०६३ मङ्सिर १ देखि लागू गरियो (राई २०६३) । अञ्चल प्रहरी कार्यालयको काम अञ्चलका जिल्ला प्रहरी प्रमुखहरूको अनुगमन गरी क्षेत्रीय प्रहरी प्रमुखलाई जानकारी दिनु हो । प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय प्रहरी कार्यालय, प्रत्येक अञ्चलमा अञ्चल प्रहरी कार्यालय र प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालय छ । पाँच क्षेत्रीय प्रहरी कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षकमध्ये उच्च जात (ब्राह्मण/क्षेत्री जातीय समूह) का मात्र छन् । १४ अञ्चलका प्रहरी प्रमुखमा वरिष्ठ उपरीक्षकहरूमध्ये नौ उच्च जात, दुई महिला र तीन जनजातिका छन् । दलित तथा मधेसी समुदायबाट एकजना पनि अञ्चल प्रहरी प्रमुख छैन ।

७२ जिल्ला प्रहरी कार्यालयमध्ये २३ ओटा 'क' वर्गमा र ४९ ओटा 'ख' वर्गमा पर्छन् । 'क' वर्गका कार्यालयमा प्रहरी उपरीक्षक र 'ख' वर्गका कार्यालयमा प्रहरी नायव उपरीक्षक प्रमुख हुन्छन् । २३ ओटा 'क' वर्गका जिल्ला प्रहरी कार्यालय

---

[४] महानगरीय प्रहरी वैज्ञानिक, सहभागितामूलक र सहमतिमूलक कार्यशैलीयुक्त प्रहरी प्रणाली हो । बेलायतका तत्कालीन गृह सचिव रोबर्ट पीलले शीघ्र रूपमा काम गरी तत्कालीन चर्को आपराधिक समस्यामाथि काबु पाउन सन् १८२९ मा यो प्रणाली लण्डनबाट थालनी गरेका थिए । यसको प्रमुख आयुक्तलाई स्थानीय प्रशासन, कालोबजारी नियन्त्रण, ट्राफिक व्यवस्थापन तथा दण्ड जरिवाना, सार्वजनिक अपराध नियन्त्रण आदि सम्बन्धी अर्धन्यायिक अधिकार प्रदान गरिएको हुन्छ । आयुक्तलाई स्वेच्छाचारी हुन नदिन प्रहरी आचारसंहिता र स्वतन्त्र प्रहरी उजुरी छानबिन आयोग व्यवस्था गरिएको हुन्छ । प्रहरीको भर्ना, सरुवा र बढुवालाई निष्पक्ष र पारदर्शी बनाउन प्रहरी सेवा आयोग बनाइएको हुन्छ (हेर्नुहोस् www.londonmetropolitanpolice.com) । भारतको मुम्बई, दिल्ली, कोलकाता, चेन्नई आदि महानगरीय सहरहरूमा यो प्रहरी प्रणाली लागू छ ।

प्रमुखमा १९ उच्च जात र चार जनजातिका छन् । ४९ ओटा 'ख' वर्गका जिल्ला प्रहरी कार्यालय प्रमुखमा ३८ उच्च जात, सात जनजाति, तीन मधेसी र एक महिला छन् ।

काठमाडौँ उपत्यकामा पहिलाको जिल्ला प्रहरी कार्यालयलाई परिसर, इलाका प्रहरी कार्यालयहरूलाई वृत्त र वडा प्रहरी कार्यालयहरूलाई प्रभाग महानगरीय प्रहरी नामाकरण गरिएको छ । काठमाडौँ महानगरीय प्रहरीअन्तर्गत तीन परिसर (काठमाडौँ, भक्तपुर, ललितपुर), सात वृत्त र २४ प्रभाग छन् । तीन परिसर कार्यालयमध्ये दुईमा उच्च जात र एउटामा जनजाति प्रमुख छन् । सात प्रहरी वृत्तमध्ये पाँचमा उच्च जात, दुईमा जनजाति प्रमुख छन् । २४ प्रहरी प्रभागमध्ये दुईओटामा महिला, तीनओटामा जनजाति र १९ ओटामा उच्च जातका प्रमुख छन् ।

राजनीतिक शक्ति केन्द्रको पहुँचको आधारमा महत्त्वपूर्ण जिम्मेवारी दिने प्रचलनका कारण शक्ति स्रोतमा पहुँच नै नभएका दलित, मधेसी, महिला र जनजातिले त्यस प्रकारको जिम्मेवारी नपाएको आम गुनासो रहेको पाइन्छ । त्यसैगरी प्रहरीमा सामन्ती एवं पुरुष प्रधान सोचको चर्को प्रभावको कारण महिला अधिकृतहरूलाई जिम्मेवारी दिन आनाकानी गरिन्छ । २०५२ सालमा जिल्ला प्रहरी कार्यालय धादिङ र चरिकोटमा प्रमुख बनाएर पार्वती थापा र कविता निरौलालाई पठाइयो । तर एक वर्ष अवधि नपुग्दै उनीहरूलाई फिर्ता बोलाई पुरुष डीएसपीलाई त्यहाँ पठाइयो । त्यसपछि महिला अधिकृतहरूलाई अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन, महिला सेल, स्टाफ अधिकृत जस्ता सामान्य जिम्मेवारी मात्र दिइन थालियो । दस वर्षे माओवादी सङ्घर्ष कालमा *'इन्टेलिजेन्स'* सङ्कलन कार्यमा बाहेक जोखिम र चुनौतीपूर्ण जिम्मेवारीमा महिलाहरूलाई संलग्न गराइएन । महिला प्रहरीले जोखिम तथा चुनौतीपूर्ण जिम्मेवारी बहन गर्न सक्दैनन् भन्ने परम्परागत सोच प्रहरी नेतृत्वको भएकोले जिल्ला प्रहरी प्रमुख र वडा प्रमुखको जिम्मेवारी नदिइएको पूर्व प्रहरी महानिरीक्षक डिबी लामा बताउँछन् । तर २०६३ फागुनमा जिल्ला प्रहरी कार्यालय गोरखा प्रमुखको जिम्मेवारी पाएकी डीएसपी गीता उप्रेती, २०६४ मा महानगरीय प्रहरी प्रभाग गौशाला र सोह्रखुट्टे प्रमुख क्रमशः प्रनि गङ्गा पन्त र प्रनि बसुन्धरा खड्काले अवसर पाएमा पुरुषले भन्दा स्तरीय सेवा प्रदान गर्न मात्र होइन, सबै चुनौतीको सामना गर्न सक्छन् भन्ने सन्देश दिएका छन् । डीएसपी उप्रेतीले स्तरीय सेवा प्रदान गरी जिल्लाका माओवादीहरूको पनि मन जित्न सकेको बुझिन्छ । सञ्चारिका समूहले फागुन ४ गते गोरखामा संविधानसभासम्बन्धी आयोजना

गरेको कार्यक्रममा माओवादी जिल्ला नेता जानुका पौडेलले "महिलाबाट स्तरीय र प्रभावकारी काम हुन्छ भन्ने उदाहरण डीएसपी उप्रेती हुन् । उनको कार्यलाई बिना हिच्किचाहट प्रशंसा हामी गर्छौं," भनिन् । दस वर्षसम्म प्रहरीलाई शत्रु मान्ने माओवादी नेताले त्यसरी प्रहरी अधिकृतको प्रशंसा गरेबाटै उनको कार्यसम्पादन राम्रो भएको स्पष्ट हुन्छ । त्यसैगरी सोह्रखुट्टे र गौशाला प्रभाग प्रमुखमा कार्यरत प्रहरी निरीक्षकद्वय बसुन्धरा खड्का र गङ्गा पन्तको कार्यबारे उनीहरूका सुपरभाइजर एसपी सर्वेन्द्र खनाल भन्छन्, "उनीहरू राम्रा प्रहरी अधिकृत हुन् । भीड नियन्त्रणमा पनि राम्रो कार्य प्रदर्शन गरेका छन् ।" महिलाको लागि भीड नियन्त्रण कार्य चुनौतीपूर्ण मानिन्छ । सोह्रखुट्टे प्रहरी प्रभाग प्रमुख प्रहरी निरीक्षक खड्का, "आफ्नो लागि भन्दा पनि भावी पुस्ताका लागि कार्यरत" रहेको बताउँछिन् । महिला प्रहरीले महत्त्वपूर्ण जिम्मेवारी बहन गर्न सक्दैनन् भन्ने भ्रमलाई चिर्न काम गरिरहेको उनको भनाइबाट थाहा हुन्छ । अञ्चल प्रहरी प्रमुख एसएसपी विमला थापा र गण्डकी अञ्चल प्रहरी प्रमुख एसएसपी पार्वती थापाले प्रहरी नेतृत्वको अनुवभ बटुल्दै छन् । एसएसपीद्वय पार्वती र विमला जनसम्पर्क गर्न पनि निपुण भएको राजनीतिक दलका नेताहरू बताउँछन् ।

### *भर्ना छनोट*

नेपाल प्रहरीलाई समावेशी बनाउने अर्को महत्त्वपूर्ण आधार भर्ना छनोट हो । नेपाल प्रहरीमा निरीक्षक, सहायक निरीक्षक र जवान पदमा खुला प्रतिस्पर्धा गराई भर्ना गरिन्छ । निरीक्षक र सहायक निरीक्षकमा प्रवेश पाउनु आर्थिक र सामाजिक प्रतिष्ठाको दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । यो सामाजिक सशक्तीकरण गर्ने प्रभावशाली माध्यम हो । बौद्धिक तथा शारीरिक क्षमताले भन्दा पनि राजनीतिक पहुँचले भर्ना छनोटमा निर्णायक भूमिका खेल्ने हुँदा प्रायः उच्च जातकै उम्मेदवारहरू प्रहरी निरीक्षक र सहायक निरीक्षकमा छनोट हुन्छन् ।

२०६४ मङ्सिर १८ गते प्रकाशित सहायक निरीक्षक र २०६४ पुस ८ गते निरीक्षकको प्रकाशित परीक्षाफलमा अधिकांश उच्च जातकै उत्तीर्ण भएका छन् । निरीक्षकको अन्तिम परीक्षामा उत्तीर्ण ५४ मध्ये ४२ उच्च जातका, सात जनजातिका, तीन मधेसी र दुई महिला छन् । त्यसैगरी सहायक निरीक्षकको अन्तिम परीक्षामा उत्तीर्ण १४६ मध्ये १२६ उच्च जात, १० जनजाति, चार महिला, एक मधेसी, एक दलित र चार अन्य छन् ।

प्रहरी जवान भर्नामा चाहिँ जनजाति, मधेसी, महिला र दलितको अवस्था त्यति कहाली लाग्दो छैन । २०६३ चैतमा ५ हजार ९ सय ३६ जनालाई प्रहरी

जवानमा भर्ना लिइएको थियो । त्यसमा २ हजार ८ सय ४९ उच्च जात, १ हजार ५ सय ८५ मधेसी, ६ सय ४९ जनजाति, ४ सय २५ महिला र ३ सय ८ दलित छन् । जवान भर्नामा मात्र सन्तोषजनक प्रतिनिधित्वले नेपाल प्रहरी समावेशी हुन सक्दैन । किनभने सङ्गठनमा जवानको नीतिगत र निर्णायक प्रभाव हुँदैन । यद्यपि प्रहरी जवान प्रहरी सङ्गठनको मेरुदण्ड मानिन्छ । प्रहरी निरीक्षकमा भर्ना भएका मात्र नेतृत्व तहमा पुग्न सक्छन् ।

***बढुवा***

नेपाल प्रहरीको संरचनामा बढुवा आर्थिक, राजनीतिक र सामाजिक रूपले महत्त्वपूर्ण छ । बढुवा भएपछि तलब वृद्धि हुने मात्र हैन, निर्णय गर्ने भूमिका, शक्ति र अधिकार पनि बढ्छ । यसले सामाजिक प्रतिष्ठा त बढ्छ नै राजनीतिक पहुँच पनि व्यापक बनाउँछ । बढुवा हुँदा समाजमा आर्थिक र सामाजिक हैसियत अभिवृद्धि हुने हुँदा समावेशीको पक्षबाट समेत बढुवा महत्त्वपूर्ण हुन आउँछ ।

राज्यले समावेशीको नीति अवलम्बन गरे पनि संशोधित प्रहरी नियमावलीमा बढुवामा समावेशी गर्ने प्रावधान राखिएको छैन । सरकार र संयुक्त मधेसी मोर्चाबीच २०६४ फागुन १६ गते भएको सम्झौतामा मधेसी, जनजाति, दलित, महिला र पिछडिएका क्षेत्रकालाई सुरक्षा निकायको बढुवामा पनि समावेश गर्ने उल्लेख छ । यसको अलावा तजविज तथा निगाहका आधारमा बढुवा गर्ने आम चलन कायम छ । त्यसैले सत्तामा पहुँच नभएका जनजाति, महिला, दलित र मधेसीको नाम बढुवा सूचीमा थोरैमात्र पर्ने गरेका छन् । उदाहरणको लागि गृहमन्त्रालयले २०६४ माघ १ गते बढुवासम्बन्धी गरेको निर्णयलाई लिन सकिन्छ । उक्त निर्णयको आधारमा डीएसपीबाट एसपी भएका आठ जनामध्ये छ उच्च जातका, एक जनजाति र एक मधेसी (एसपी राम लखन यादव) छन् । यादव समावेशी नीतिले भन्दा पनि तत्कालीन गृह राज्यमन्त्री रामकुमार चौधरीको विषेश चासो र हस्तक्षेपबाट बढुवाको सूचीमा परेको चर्चा प्रहरीभित्र व्यापक छ । प्रहरी निरीक्षकबाट डीएसपी भएका २१ जनामध्ये आठ उच्च जातका, सात जनजाति, तीन मधेसी, तीन महिला र एक दलित छन् । त्यसैगरी प्रहरी नायव निरीक्षकबाट निरीक्षकमा बढुवा भएका ९१ जनामध्ये ७१ उच्च जात, १३ जनजाति, चार महिला (प्राविधिक), दुई मधेसी र एक दलित छन् । एसपीबाट एसएसपीमा बढुवा भएका तीन जना जनजाति हुन् । तर तीनै जना आफूसँगैका अन्य सहकर्मीमध्ये कनिष्ठमा पारिएका छन् । उनीहरूसँगैका उच्च जातका एसपीहरूलाई एक वर्षअगाडि नै बढुवा गरी वरिष्ठताको क्रममा उनीहरूलाई कनिष्ठ बनाइएको छ । प्रहरीमा वरिष्ठताको ठूलो महत्त्व हुन्छ ।

### *अवसर प्राप्ति*

राम्रो नम्बर प्राप्त गर्ने तालिम र विदेशकाज (युएन सेवा र भारतस्थित नेपाली दूतावास तथा न्यूयोर्कस्थित राष्ट्रसङ्घको प्रहरी सहचारी) लाई राम्रो अवसर मानिन्छ। युएन सेवाबाट आर्थिक रूपले सबल हुन र तालिमले बढुवा हुन सहयोग गर्छ। जस्तै युएन सेवामा अनुगमनकर्ताको रूपमा जाँदा कम्तीमा रु. १५ लाख आर्जन हुन्छ र महत्त्वपूर्ण व्यक्तिको सुरक्षा तालिम लिनेलाई बढुवामा १० नम्बर दिइन्छ। यी अवसरहरूका लागि छनोट प्रणाली निष्पक्ष र पारदर्शी नहुँदा शक्तिकेन्द्रमा पहुँच हुनेले नै बढी अवसर प्राप्त गरेका छन्। अवसर प्राप्तिको छनोटमा शक्तिकेन्द्रको प्रभाव र प्रहरी नेतृत्वको तजबिजको निर्णायक भूमिका हुन्छ। राज्यका शक्तिकेन्द्रहरूमा उच्च जातकै प्रभाव हुने हुँदा त्यस्ता अवसरहरू पाउने बहुमत सङ्ख्या पनि उनीहरूकै हुन्छ। कुन जातकाले कति अवसर पाएका छन् भन्ने तथ्याङ्क नभएको प्रहरी प्रवक्ता एसएसपी थापा बताउँछन्।

## किन भएन समावेशी

माथि उल्लिखित तथ्यहरूबाट नेपाल प्रहरी समावेशी नभएको स्पष्ट हुन्छ। हरेक परिणामका पछाडि कारणहरू हुन्छन्। नेपाल प्रहरीमा दलित, मधेसी, जनजाति र महिला उपेक्षित हुनाका अनगिन्ती कारणहरूमध्ये चार प्रमुख छन् - (१) वर्णमा आधारित विभेद, (२) पितृसत्तात्मक सोच, (३) एकात्मक शैली र (४) औपनिवेशिक ढाँचा।

### *वर्णमा आधारित विभेद*

वर्णमा आधारित प्रणालीको आरम्भ उपत्यकामा जयस्थिति मल्लले गरेको मानिन्छ। यस विभेद प्रणालीले हिन्दू समाजलाई जात र पेशाको आधारमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार भागमा विभाजन गऱ्यो। ब्राह्मणले पढ्ने, धार्मिक कर्म गर्ने र राजकाजबारे सुझाव दिने, क्षेत्रीले राजकाज चलाउने र लडाइँ गर्ने, वैश्यले व्यापार तथा खेती गर्ने र शुद्रले सिलाइबुनाइ, औजार तथा गरगहना बनाउने भनियो। त्यसैअनुसार ब्राह्मण र क्षेत्रीलाई उच्च जात, वैश्यलाई मध्यम जात र शुद्र (पानी नचल्ने) तल्लो जात भनी जातीय तह निर्धारण गरियो। जयस्थिति मल्लले सुरु गरेको वर्ण व्यवस्था पृथ्वीनारायण शाहपछि 'अधिराज्य' भरी विस्तार भयो (दाहाल र भट्टचन २०६३)। यसै व्यवस्थालाई प्रधानमन्त्री जङ्गबहादुर राणाले पहिलोपटक १८५४ मा राज्यसंहिता लागू गरी वैधानिकता दिए। जङ्गबहादुरले लागू गरेको राज्यसंहिताले ब्राह्मण र क्षेत्री तहका बाहेक

अरूलाई राजनीति र शिक्षा आर्जनबाट वञ्चित मात्र गरेन सामाजिक उत्पीडनलाई वैधानिकता पनि दियो । त्यस राज्यसंहिताबाट महिला पनि भेदभाव र उत्पीडनका शिकार भए । राज्यको विभेदपूर्ण नीति र सामाजिक उपेक्षाले गर्दा जनजाति, महिला, दलितलगायतका शिक्षा र राज्य सञ्चालनको अवसरबाट वञ्चित भएकाले उनीहरूको पहुँच राज्य सत्तामा भएन । त्यसैले उच्च जात राजनीतिक स्रोत तथा शिक्षामा पहुँच र पकडको कारणले सबल भएकाले उनीहरू राज्यसत्तालाई आफ्नो कब्जामा पार्न सफल भएको हो ।

नेपाल प्रहरीद्वारा प्रकाशित *नेपाल प्रहरीको इतिहास* पुस्तकअनुसार जङ्गबहादुर राणाले देशमा शान्तिसुरक्षा कायम गर्न सबैभन्दा पहिला प्रहरी व्यवस्थाको थालनी गरे । उनले विराटनगरमा तीनओटा, सप्तरीमा दुईओटा र महोत्तरीमा एक प्रहरी चौकी राखे । चौकी प्रमुख लेफ्टिनेन्ट हुन्थे । उनीहरूको मातहतमा हवल्दार, अमलदार, कोतवाल, मुन्सी, तौसिन्दर र सिपाहीहरू रहन्थे (वैद्य र अरू २०५२) । लेफ्टिनेन्ट को को थिए उक्त पुस्तकमा उल्लेख छैन । तर जहानियाँ शासन सुरु गर्ने राणा प्रधानमन्त्री जङ्गबहादुरले आफ्ना निकटस्थहरूलाई नै उक्त पदमा राखेको अनुमान गर्न गाह्रो छैन । चन्द्र शमशेरको शासनकालमा १९७३ मङ्सिर २४ मा वीरगञ्ज पुलिस गोश्वाराको स्थापना भयो । उक्त गोश्वाराअन्तर्गत चार थाना र चौकी थिए । गोश्वारा प्रमुख इन्सपेक्टर हुने व्यवस्था थियो । पहिलो वीरगञ्ज पुलिस गोश्वारा प्रमुखमा लेफ्टिनेन्ट गणेशबहादुर बस्न्यात नियुक्त भएका थिए (वैद्य र अरू २०५२) । प्रधानमन्त्री जुद्ध शमशेरले १९९३ सालमा एक डाइरेक्टर जनरल नियुक्त गरी उपत्यका र तराईको शान्तिसुरक्षाको जिम्मा लगाए । जुद्ध शमशेरको हुकुममा बहादुर शमशेर डाइरेक्टर जनरलमा नियुक्त भएका थिए । पछि बहादुर शमशेरलाई प्रहरी अतिरिक्त परराष्ट्र तथा उद्योग वाणिज्य पनि हेर्न निर्देशन गरियो ।

सेनाको रामदललाई २००३ सालमा प्रहरीअन्तर्गत ल्याई प्रजातान्त्रिक आन्दोलन दमन गर्न खटाइयो । प्रजातान्त्रिक आन्दोलनलाई दबाउन नसकेपछि २००७ फागुन ७ गते राणा शासनको अन्त्य भयो । यतिबेलासम्म प्रहरी प्रधान कार्यालय स्थापना गरी प्रहरी महानिरीक्षक प्रमुख हुने व्यवस्था भइसकेको थियो । तोरण शमशेरले २००७ चैत २८ गते पहिलो प्रहरी महानिरीक्षक हुने सौभाग्य पाए । राणा शासन अन्त्यपछि समेत प्रधानमन्त्री भएका मोहन शमशेरले उनलाई त्यो पदमा नियुक्त गरेका थिए । २००७ चैत ३१ गते नरशमशेर जबरा प्रहरी महानिरीक्षक भए, जसले गङ्गालाल, धर्मभक्त, शुक्रराज र दशरथ चन्दलाई मृत्युदण्ड दिने हुकुमको पालना गराएका थिए । मुक्ति सेनालाई पनि प्रहरीमा नै

गाभिएको थियो । २०१० मङ्सिर २२ मा मुक्ति सेनाका कमाण्डर ज्ञानबहादुर याक्थुम्बा प्रहरी महानिरीक्षक भए ।

२०१२ सालदेखि २०६४ सम्म २० जना प्रहरी महानिरीक्षक भइसकेका छन् (हेर्नुहोस् अनुसूची २) । त्यसमध्ये १२ जना उच्च जात र आठ जना जनजाति छन् । मुक्ति सेनाबाट प्रहरीमा प्रवेश भएका जनजातिहरूमध्ये बढी प्रहरी महानिरीक्षक भए । डीबी लामा अन्तिम प्रहरी महानिरीक्षक थिए, जो मुक्ति सेनाबाट आएका हुन् । आठ जना जनजाति प्रहरी महानिरीक्षक भए पनि राजदरबारको सैनिक सचिवालयले २००७ देखि २०४६ सालसम्म प्रहरीलाई नियन्त्रण गरेको कारण उच्च जातकै हालीमुहाली त्यहाँ चल्यो । डीबी लामादेखि श्यामभक्त थापासम्मका प्रहरी महानिरीक्षक दरबारबाटै संरक्षित व्यक्तिहरू हुन् । २०४६ सालसम्म राजदरबारको अनुमतिबिना प्रहरीको महत्त्वपूर्ण निर्णय असम्भव नै थियो । गृह मन्त्रीले भन्दा प्रहरी महानिरीक्षकले राजाको दर्शनभेट बढी पाउँथे । गृह मन्त्रीको प्रशासनमा प्रभाव पटक्कै नभएको चाहिँ होइन । प्रहरीको भर्ना, सरुवा तथा बढुवामा गृह मन्त्रीको भनसुन चल्थ्यो । २००७ फागुन ७ गतेदेखि २०४६ चैत २४ गतेसम्म ३९ ओटा मन्त्रीमण्डलले कार्यभार सम्हाल्यो । त्यस अवधिमा १९ उच्च जातका, आठ जनजाति र एक मधेसीले गृह मन्त्रीको कार्यभार सम्हालेका छन् । २०४६ को परिवर्तनपछि नेपाल प्रहरी पूर्ण रूपमा गृहमन्त्रालयको मातहतमा गयो । २०४६ चैत २४ देखि २०६४ सम्म २५ ओटा मन्त्रीमण्डल गठन भइसकेको छ । यस अवधिमा १३ उच्च जात, एक जनजाति गृह मन्त्री भएका छन् (रिसाल र रिसाल २०६४; हेर्नुहोस् अनुसूची ३) ।

“राज्यसत्तामा प्रभाव र शिक्षाले गर्दा उच्च जातको हालीमुहाली प्रहरीमा देखिएको” पूर्व प्रहरी महानिरीक्षक लामाको विश्वास छ । दलित र जनजातिको पहुँच राम्रो शिक्षामा नभएपछि प्रहरी निरीक्षकको लिखित परीक्षा उनीहरूका लागि सहज हुने सम्भावना छैन । लिखित परीक्षामा उत्तीर्ण भइहाले पनि राजनीतिक पहुँच नहुनेहरू अन्तर्वार्तामा उत्तीर्ण हुन गाह्रो हुन्छ । प्रहरी नियमावलीमा उल्लेख भएअनुसार प्रहरी निरीक्षक परीक्षा बोर्डको अध्यक्षमा लोकसेवा अयोगका एक प्रतिनिधि तथा सदस्यमा गृहसचिव, प्रहरी महानिरीक्षक र प्रहरी अतिरिक्त महानिरीक्षक (प्रशासन विभाग) हुने व्यवस्था छ । बोर्डमा लोकसेवा आयोगका सदस्य अध्यक्ष हुने भए तापनि तीन सदस्य गृहमन्त्रालयअन्तर्गतका हुने भएकोले त्यो परीक्षा बोर्ड प्रधानमन्त्री र गृह मन्त्रीबाट प्रभावमुक्त हुन सक्दैन । निष्पक्षता देखाउन लोकसेवा आयोगका प्रतिनिधिलाई परीक्षा अन्तर्वार्ता बोर्डमा राखिए पनि त्यसको प्रभाव न्यून छ । प्रहरीमा वर्णमा आधारित विभेदले जन्माएको

सामन्तवादी सोच र संस्कृति हावी भएकोले नेपाल प्रहरीमा पिछडिएका समुदायको प्रतिनिधित्व न्यून भएको हो ।

बढुवामा जिम्मेवारी र अवसरको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । राजनीतिक पहुँच हुनेले मात्र बढुवामा सहयोग पुग्ने खालको सरुवा (जिम्मेवारी) र अवसर (तालिम) पाउने गरेका छन् । बढुवा हुने, समय नपुगेकाहरूको संयुक्त राष्ट्रसङ्घ सेवा तथा बढी नम्बर आउने तालिमको अवसर चाहिँ सुनिश्चित नै हुने गरेको छ । पञ्चायतकालमा मात्र होइन २०४६ सालयता उच्च जात (ब्राह्मण, क्षेत्री, ठकुरी, राणा र सिंह) कै हालीमुहाली रह्यो । पछिल्लो समयमा उच्च जात इतरकाहरू योग्य तथा क्षमतावान व्यक्तिहरूको रुचि यो सेवामा बढेको छ । सत्ता र प्रहरी नेतृत्व दुवैमा वर्णमा आधारित विभेद प्रणालीले सिर्जना गरेको सामन्तवादी सोच हावी भएकोले परीक्षा प्रणाली निष्पक्ष हुन नसकी उच्च जातकाहरूले मात्र प्रहरी सेवामा बढी प्रवेश पाएका हुन् । प्रहरी सेवामा योग्य क्षमतावान व्यक्तिलाई प्रवेश गराउन बढुवा र सरुवालाई निष्पक्ष तथा विश्वसनीय बनाउन सकिए समावेशीकरणको स्थितिमा सुधार गर्न सकिन्छ । पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक थापाको अनुसार 'उच्चस्तरीय प्रहरी आयोग गठन' ले मात्र प्रहरी सेवामा निष्पक्षताको अभ्यास सुरु हुन्छ ।

परीक्षा प्रणाली वैज्ञानिक र निष्पक्ष हुनसके उच्च जातको हालीमुहाली धेरै हदसम्म कम हुन्छ । तर आफ्नो दबदबा अन्त्य हुने डरले परीक्षा प्रणाली वैज्ञानिक र निष्पक्ष बनाउने प्रयासमा कुलीनहरू बाधक छन् । उदाहरणका लागि बेलायत सरकारको अनुदान सहयोगमा सञ्चालित पुलिस प्रोजेक्ट प्रहरी सेवा आयोग गठन गरियो । यो आयोगले प्रहरीको भर्ना, सरुवा र बढुवा प्रक्रियालाई निष्पक्ष तथा पारदर्शी बनाउने सुझाव २०५९ तिरै सरकारलाई दियो । तर गृहमन्त्रालय तथा प्रहरीको नेतृत्व वर्ग सकारात्मक नभएकोले पुलिस प्रोजेक्टले दिएको उक्त सुझाव कार्यान्वयन हुन सकेन । ज्ञानेन्द्रको शाही सत्ता सुरु भएपछि उक्त प्रोजेक्ट बन्द भयो । बन्द हुनुभन्दा अगाडि नै उक्त प्रोजेक्टले दोस्रो चरणको परियोजना लागू हुन अधिकार सम्पन्न प्रहरी सेवा आयोग गठन गर्नुपर्ने सर्त राख्यो । त्यसैले बन्द प्रोजेक्ट फेरि ल्याउने प्रयास गरिएको छैन ।

### *पितृसत्तात्मक सोच*

पितृसत्ता भनेको महिलामाथि हुने पुरुषको संस्थागत दमन हो । यो सोचले महिला विरुद्ध पुरुषलाई सबै प्रकारको उत्पीडित, दमन र विभेद गर्ने छुट दिन्छ । कमला भासिनको भनाइमा पितृसत्तात्मक सोचले महिलाको हिँड्डुल गर्ने,

सम्पत्ति तथा स्रोत आर्जन गर्ने, कामको मूल्यलाई कुण्ठित गर्ने काम गर्छ (पौडेल २०५९ मा उद्धृत) । महिलामा नेतृत्व र साहसी कार्य क्षमता हुन सक्दैन भन्ने छाप समाजमा स्थापित छ । यो पनि पितृसत्तात्मक सोचले गरेको हो ।

भीड नियन्त्रण, ट्राफिक व्यवस्थापन, अपराध अनुसन्धानका लागि २०४१ मा १२५ जनाको पहिलो महिला प्रहरी गुल्म प्रहरी महानिरीक्षक लामाले स्थापना गरे । पूर्व महानिरीक्षक लामाका अनुसार उक्त गुल्म स्थापना गर्ने उद्देश्य महिलाले पनि पुरुषले जस्तै जोखिम साहसिक तथा प्रतिष्ठित काम गर्न सक्छन् भन्ने देखाउनु थियो । ती महिलालाई घोडाचढी, हिमाल आरोहण, मोटरसाइकल जम्प, मार्सलआर्ट जस्ता जोखिमयुक्त साहसिक कार्यमा संलग्न गराइयो । दरबन्दी सिर्जना गरी द्रुत गतिमा उनीहरूको बढुवा गराइयो । २०४२ सालमा चार महिला प्रहरी निरीक्षकको दरबन्दी सिर्जना गरी महिलाहरूमध्येबाट प्रतिस्पर्धा गराई पुरुषसरह प्रहरी निरीक्षकको तालिम गराइयो । त्यसबेला प्रहरी निरीक्षक भएका चारमध्ये दुई विमला थापा र पार्वती थापा वरिष्ठ प्रहरी उपरीक्षक भइसकेका छन् । दुई जना कविता निरौला र रिता प्रधान चाहिँ डीएसपी पदको नोकरी छाडी नेदरल्यान्डस्को हेगस्थित मानवता विरुद्ध अन्तर्राष्ट्रिय अदालतमा अनुसन्धानकर्ताको रूपमा कार्यरत छन् । २०४८ सम्म कोही पनि महिला प्रहरी निरीक्षक (प्रशासन) मा भर्ना भएनन् । प्रहरी निरीक्षक खुला प्रतिस्पर्धामा २०४९ सालमा गीता उप्रेती उत्तीर्ण भइन् । २०४९ सालका वैकल्पिक सूचीका पूजा सिंहले २०५२ सालमा प्रहरी निरीक्षकको तालिम उत्तीर्ण गरिन् ।

२०४० सालभन्दा अगाडि मध्यक्षेत्र प्रहरीअन्तर्गत २०२२ सालमा २५ जना महिला प्रहरीको दरबन्दी सिर्जना गरी जवानमा भर्ना गरियो । उनीहरूलाई तालिम नदिई महिला जेलमा र हाकिमहरूको सहयोगीको रूपमा खटाइयो । त्यसभन्दा पहिला गोपाल शमशेर जबरा (२०१२ भदौ १० देखि २०१३ साउन १५) ले घरमा काम गर्ने पविता देवी क्षेत्रीलाई जवानमा भर्ना गरे । पछि उनले पहिलो महिला निरीक्षक हुने मौका पाइनन् ।

डीबी लामाको अवकासपछि महिला प्रहरीबारे आकर्षण बढाउने नीति ल्याउनुको सट्टा महिला प्रहरीले पुरुषसरह जोखिम तथा चुनौतीपूर्ण काम गर्न नसक्ने प्रचार गरियो । पूर्व एआइजी थापाका अनुसार, “महिलाले पुरुषसरह काम गर्न सक्दैनन् भन्ने गलत धारणा राखी जिम्मेवारी दिँदा महिलामाथि विभेद गरिन्छ ।” महिलालाई जोखिम र चुनौतीपूर्ण कार्यमा भन्दा पनि हाकिमको सहायक र सहज प्रकृतिको जिम्मेवारीमा संलग्न गराइन्छ । महिला विरुद्ध गलत विचारकै कारण भर्नामा महिलालाई निरुत्साहित गरिन्छ । गोरखा जिल्ला प्रहरी प्रमुख गीता उप्रेती भन्छिन्,

“अवसर पाए नेपाल प्रहरीका महिलाहरूले पनि पुरुषसरह काम गरेर देखाउन सक्छन् ।” डीएसपी उप्रेती र निरीक्षकद्वय पन्त र खड्काले संविधानसभा निर्वाचनमा राम्रो कार्य सम्पादन गरे । अवसर पाए महिलाले पनि चुनौतीपूर्ण र महत्त्वपूर्ण जिम्मेवारी बहन गर्न सक्छन् भन्ने प्रमाणित गरेका छन् ।

### *एकात्मक शैली*

नेपाल बहुसांस्कृतिक र बहुजातीय राष्ट्र भनियो, तर मधेसको संस्कृति र भाषा नेपाली नै भनी शासकहरूद्वारा स्वीकार गरिएन । मधेसीहरूको भारतको बिहार र उत्तर प्रदेश राज्यका जनतासँग भाषिक, सांस्कृतिक तथा सामाजिक सम्बन्ध बढी भएकोले उनीहरूलाई सधैं शङ्काको दृष्टिले हेरियो । फ्रेडरिक गेज लेख्छन्, “काठमाडौंका केही सम्भ्रान्तहरू राष्ट्रिय जनजीवनमा मधेसीलाई सहभागी गराउन हिच्किचाउँछन् । उनीहरूलाई यसले भारतीय प्रभाव बढाउने डर छ” (गेज सन् १९७५) । गेजले भने जस्तो काठमाडौंमा बसी नेपालको नीतिनिर्माण गर्नेहरूले तराईका जनतालाई शङ्का गरी प्रहरीमा सधैं निरुत्साहित गरियो । प्रहरीमा मधेसीहरूलाई प्रोत्साहन गरे राष्ट्रिय सुरक्षा खतरामा पर्ने गलत बुझाइले गर्दा निरुत्साहित गरिएको विश्वास गर्न सकिन्छ ।

तराईको फरक सांस्कृतिक शैलीका कारण सशङ्कित भएका शासकहरू तराई काँग्रेसका नेता वेदानन्द झाले[५] तराईसम्बन्धी राजनीतिक मुद्दा उठाएपछि झन् तर्सिए । झाले २००८ मा तराईलाई स्वशासित राज्य घोषणा गर्नुपर्ने, हिन्दी भाषालाई सरकारी भाषा बनाउनुपर्ने र तराईका मधेसीलाई सरकारी सेवामा आरक्षण दिनुपर्ने माग राखी आन्दोलन गरेका थिए (गेज सन् १९७५) । राजविराज, विराटनगर र जनकपुरमा उक्त आन्दोलन निकै चर्किएको थियो । तराईलाई अधिकार सम्पन्न बनाउनुपर्ने झाको आन्दोलनलाई पृथकतावादी आन्दोलनका रूपमा बुझी तराईलाई राजनीतिक रूपले मात्र होइन प्रशासनिक रूपले पनि केन्द्रीकरण गर्न तीव्र अभियान चलाइयो । मधेसीलाई सुरक्षा निकायको महत्त्वपूर्ण स्थानमा राख्न अघोषित नीति मात्र बनाइएन, तराईमा पहाडी उच्च जातका प्रहरी अधिकृतहरूको सङ्ख्या पनि तीव्र रूपमा बढाइयो । सन् १९६८ को सुरुतिर

---

[५] वेदानन्द झा २०१८ मङ्सिर १९ गते राजा महेन्द्रद्वारा राष्ट्रिय निर्देशन मन्त्रीको रूपमा नियुक्त भए । यो मन्त्रालयले राजनीतिक मार्गचित्रको काम गर्थ्यो । २०२३ साउन १६ गते प्रधानमन्त्री सूर्यबहादुर थापाको नेतृत्वमा गठित मन्त्रीमण्डलमा झा गृह, पञ्चायत र प्रचारप्रसार मन्त्री नियुक्त भए भने २०४२ चैत ८ गते प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालको नेतृत्वमा गठित मन्त्रीमण्डलमा उद्योग, वाणिज्य, आपूर्ति र श्रम तथा सामाजिक मन्त्रीमा नियुक्त भएका थिए (हेर्नुहोस् रिसाल र रिसाल २०६४) ।

तराईका चार जिल्ला झापा, बारा, कपिलवस्तु र कैलालीमा खटाइएका मध्ये ८० प्रतिशत प्रहरी अधिकृतहरू दरबारका निकट पहाडी उच्च जातका थिए (गेज सन् १९७५) । पञ्चायत व्यवस्थाभरि नै मधेसीविरुद्ध विभेदपूर्ण व्यवहार भयो ।

पूर्व प्रहरी महानिरीक्षक लामाका अनुसार, "तराईका मधेसीहरूलाई हिमाली क्षेत्रतर्फ सरुवा गर्दा कतिपयले नोकरी नै छाड्थे ।" उनीहरूलाई मधेसमै राख्दा राम्रो काम हुँदैन भन्ने विश्वासमा हिमाली क्षेत्रमा सरुवा गरिएको उनको तर्क छ । सेवा प्रवेशकै समयमा मधेसीहरूलाई निरुत्साहित गरिन्थ्यो । सेवा प्रवेश गरेकाहरूलाई पनि भगाउने प्रयास प्रहरी नेतृत्वबाटै हुने गर्थ्यो । त्यसैले आम मधेसीहरूका लागि प्रहरी सेवा अनुकूल हुन सकेन । पञ्चायतकालमा दरबारको आशिर्वादबाट मात्र उपल्लो पदमा पुग्ने प्रचलन भएकोले दरबार निकट सर्लाहीका शैलेन्द्रकुमार सिन्हा डीआइजीसम्म भए । तर उनलाई आइजीपी हुनुबाट रोक्नका लागि पुरस्कृत गरेजस्तो गरी सेवा परिवर्तन गराई अञ्चलाधीश बनाइयो । धेरै मधेसी बृद्धिजीवीहरू यो कुरामा विश्वास गर्छन् ।

५६ जना एसएसपीमध्ये डा. रामनाथ सिंह (प्राविधिक) एक जना मात्र मधेसी छन् । १०७ एसपीमध्ये सुवास चौधरी, अलिअख्तर अन्सारी र रामलखन यादव मधेसी एसपी हुन् । २०४६ सालको परिवर्तनपछि ठूला नेताहरू (गिरिजाप्रसाद कोइराला, माधव नेपाल, सुशील कोइराला, विजय गच्छदार, महन्थ ठाकुर, आदि) मधेसबाटै निर्वाचित भएकाले दह्रो पहुँच भएका मधेसीहरू फाट्टफुट्ट प्रहरी निरीक्षकबाट प्रहरी सेवामा प्रवेश गरेका छन् । २०४६ सम्म राज्यले नै अघोषित रूपमा निरुत्साहित गरेकोले मधेसीहरू प्रहरीका उच्च तहमा पुग्ने सम्भावना तत्कालै छैन । एकात्मक शैलीले सिर्जित दृष्टिकोण र विश्वास (महेन्द्रवादी राष्ट्रवाद) को अन्त्य गरी मधेसीहरूका लागि नेपाल प्रहरीमा सकारात्मक वातावरण बनाउन सकिन्छ । सरकार र संयुक्त मधेसी मोर्चाबीच २०६४ फागुन १६ गतेको सम्झौताले एकात्मक शैलीको अन्त्य गर्ने विश्वास मधेसी लोकतान्त्रिक मोर्चाका नेताहरू उपेन्द्र यादव, महन्थ ठाकुर र राजेन्द्र महतो गर्छन् ।

### *औपनिवेशिक ढाँचाको प्रहरी*

औपनिवेशिक ढाँचाको प्रहरी सङ्गठन भनेको केन्द्रीकृत प्रणालीको प्रहरी हो । यस ढाँचाको प्रहरीमा शान्ति सुरक्षाको कार्यमा जनसहभागिताभन्दा पनि केन्द्रीय नीतिलाई स्थानीय स्तरमा लाद्ने कार्य हुन्छ । नीतिनिर्माण तथा निर्णय प्रक्रियामा सरोकारवालाहरूको पहुँच हुँदैन । यस ढाँचाको प्रहरीमा परम्परागत कुलीनहरूकै वर्चस्व रहन्छ ।

स्थानीय जनसमुदायभन्दा पनि केन्द्रका कुलीनहरूको पकडमा सङ्गठनलाई राख्नु पर्छ भन्ने सोचबाट यो ढाँचा निर्देशित हुन्छ । बेलायतले आफ्नो उपनिवेशलाई टिकाइराख्ने उद्देश्यले औपनिवेशिक ढाँचाको प्रहरी सङ्गठन बनाएर आफ्नो उपनिवेश राज्यहरूमा लागू गरेको थियो । भारतमा बेलायतको उपनिवेश हुँदा भारतीय प्रहरी सेवा आयोगले बेलायती उपनिवेशलाई निरन्तरता दिने प्रहरी मानव स्रोत बनाउने गर्थ्यो । उनीहरूले लण्डनमा बस्ने उपनिवेश प्रहरी महानिरीक्षकको निर्देशनमा भारतीय स्वतन्त्र आन्दोलनलाई क्रुरतापूर्वक दमन गर्नुपर्थ्यो ।

२०१२ सालमा गठित प्रहरी ढाँचा एसके आनन्द नामक भारतीय प्रहरी सेवा आयोगबाट छनोट भएका एक प्रहरी अधिकृतले बनाएका हुन् (वैद्य र अरू २०५२) । उनले २००९ भदौमा भारतीय ढाँचा अनुसारको नेपाल प्रहरीको साङ्गठनिक ढाँचा बनाए । यसको कारण नेपाल प्रहरीको नीतिनिर्माणमा काठमाडौँको कुलीनहरू मात्र अटाउने वातावरण बन्यो । औपनिवेशिक ढाँचाको प्रहरीमा आमजनताभन्दा पनि सत्तामा पहुँच भएका सम्भ्रान्तहरू मात्र नेतृत्व तहमा पुग्ने गर्छन् । यस ढाँचाको प्रहरीले आमजनताभन्दा पनि शासकहरूको सेवा र स्वार्थलाई मात्र ध्यान दिने हुँदा मधेसी, दलित, जनजातिलाई साम, दाम, दण्ड, भेद प्रयोग गरी त्यहाँबाट किनारा लगाउने वातावरण तथा संयन्त्र बनाइयो । आफूबाहेक अरूलाई सहभागी गराउने, प्रोत्साहन गर्ने नीतिनिर्माण गरिएन । शक्ति र सत्ता आफ्नो हातबाट फुत्किन नदिनका लागि कुलीन (शासक) हरूले उत्पीडित तथा पिछडिएका वर्गलाई प्रोत्साहन गर्ने नीति नबनाएका हुन् । भी परेटोले[६] कुलीनहरू प्राप्त शक्तिलाई आफू वरिपरि घुमाइराख्छन् भने जस्तै सत्तामा हालीमुहाली गरेकाले पनि आफू निकट रहेकाहरूलाई मात्र प्रहरीको महत्त्वपूर्ण जिम्मेवार र पदमा ल्याइरहे ।

## प्रहरीमा समावेशी किन ?

प्रहरी सेवाको माध्यमबाट महिला, जनजाति, दलित र मधेसीलाई सशक्तीकरण गरी राष्ट्रको मूलधारमा पुऱ्याउन प्रहरीमा समावेशीकरण गर्नुपर्छ । प्रहरीको संयन्त्र समावेशी हुँदा विभेदकारी सामाजिक संरक्षण, परम्परा तथा सोच कमजोर

---

[६] भी. परेटो (१८४८-१९२३) फ्रान्समा जन्मी इटालीमा हुर्केका समाजशास्त्री हुन् । उनले प्रतिपादन गरेको समाजशास्त्रका सिद्धान्तहरूमध्ये *द सर्कुलेसन अफ एलिट* सर्वपरिचित छ । उक्त सिद्धान्त अनुसार समाजको सानो हिस्सामात्र ओगट्ने सम्भ्रान्तहरूले सत्ता सञ्चालन जनताको नाममा गरेका हुन्छन् । एउटा कुलीन समूहले सत्ता छाडे अर्को कुलीन समूह त्यस ठाउँमा प्रतिस्थापन हुन्छ । यसरी कुलीनहरू सत्ताको वरिपरि विभिन्न जालझेलको माध्यमबाट घुमिरहेका हुन्छन् ।

भई साझा राष्ट्रिय भावनाको विकास हुन्छ । मूलतः (१) अनुसन्धानमैत्री बनाउन, (२) कार्यशैली सहभागितामूलक बनाउन र (३) प्रहरी सबैको साझा भएको भावनाको विकास गर्न प्रहरीलाई समावेशी गर्नुपर्छ ।

***अनुसन्धानमैत्री बनाउन***

नेपाली समाजमा महिलाहरू पुरुषहरूसँग यौनका विषयमा छलफल गर्न/भन्न रुचाउँदैनन् । बालबालिकाहरू पनि नौलो पुरुषसँग कुराकानी गर्न डराउँछन् । महिलालाई पुरुषसँग यौनसम्बन्धित विषयमा भन्न लगाउनु र बालबालिकालाई नौलो पुरुषसँग बयान दिन बाध्य पार्नु पीडा दिनुसरह हो । बलात्कार, घरेलु हिंसा, बेचबिखन तथा बालबालिका विरुद्धको अपराधबाट पीडित महिलाहरू तथा बालबालिकाहरूलाई पुरुष प्रहरीले बयान लिँदा दोहोरो रूपमा पीडित हुन्छन् । तसर्थ तिनले पुरुष अनुसन्धान प्रहरी अधिकृतलाई आफूलाई परेको पीडाबारे सबै कुरा नबताउन पनि सक्छन् । पीडितले अनुसन्धान प्रहरी अधिकृतलाई घटनाबारे विस्तृत रूपले नबताई सहयोग नगर्दा पीडकले उन्मुक्ति पाउने सम्भावना बढ्छ (राणा २०६२: ९०) ।

पीडितलाई दोहोरो पीडाबाट बचाउन र महिलामाथिको अपराध अनुसन्धानमा प्रभावकारिता ल्याउन महिला प्रहरी अधिकृतहरूको आवश्यकता पर्छ । पीडित महिलाको गोपनीयताको हक संरक्षण गर्न पनि महिला प्रहरी अधिकृत नै चाहिन्छ । पीडितलाई दोहोरो पीडाबाट बचाउन र महिलामाथिको अपराध अनुसन्धान प्रभावकारी रूपमा गर्न महिला तथा बालबालिका सेवा केन्द्र स्थापना गरिएको छ । महिला प्रहरीहरूको अभावमा कतिपय बलात्कार अपराधको अनुसन्धान पुरुष प्रहरी अधिकृतबाटै भइरहेको छ । महिला प्रहरी अनुसन्धान अधिकृतहरूको अभावमा पुरुष प्रहरी अधिकृतबाटै महिला तथा बालबालिका बलात्कार जस्ता अपराधको अनुसन्धान हुँदा पीडितको गोपनीयताको हकसम्बन्धी संवैधानिक प्रावधानमाथि अतिक्रमण भइरहेको छ । प्रहरी अनुसन्धानलाई महिला तथा बालबालिका मैत्री बनाउन महिला प्रहरीको सङ्ख्या बढ्नुपर्छ । समावेशीको प्रक्रियाले महिला प्रहरी अधिकृतहरूको सङ्ख्या वृद्धि भई महिला तथा बालबालिका विरुद्धको अपराध अनुसन्धानमा प्रभावकारिता आउँछ ।

***कार्यशैली सहभागितामूलक बनाउन***

नीतिनिर्माण र त्यसलाई लागू गर्ने प्रक्रिया सहभागितामूलक हुनुपर्ने आवाज चर्को रूपमा उठेको छ । सरोकारवालाहरूको सहभागितामा नीतिनिर्माण गर्नु र

लागू गर्ने प्रक्रिया सहभागितामूलक कार्यशैली हो । नेपाल प्रहरीको नेतृत्वले पनि सहभागितामूलक कार्यशैली अवलम्बन गरेको यदाकदा बताउने गरेका छन् । उनीहरूले दाबी गरे पनि वास्तवमा नेपाल प्रहरीको कार्यशैली सहभागितामूलक छैन । ट्राफिक व्यवस्थापन र सामुदायिक प्रहरीमा विद्यार्थी वा स्वयंसेवकहरूको प्रयोग गर्नुलाई उनीहरूले सहभागितामूलक कार्यशैली भनी बुझेका छन् । उनीहरूको त्यो बुझाइ गलत मात्र होइन बौद्धिक दिवालियापन पनि हो ।

प्रहरीकार्य समुदायमैत्री हुँदा मात्र नेपाल प्रहरीको कार्यशैली सहभागितामूलक हुन्छ । प्रहरी चौकी र वडा प्रहरी कार्यालयहरूमा स्थानीय जीवनशैली, भाषा, परम्परासँग सम्बन्धित प्रहरी खटाइँदा प्रहरीकार्य समुदाय मैत्री हुन्छ । यसले गर्दा प्रहरीकार्य प्रभावकारी भई अपराध नियन्त्रण हुनाका साथै न्यायमा आमजनताको पहुँच बढ्नेछ । प्रहरीकार्य समुदाय मैत्री नहुँदा समुदाय र प्रहरीबीच द्वन्द्वको खतरा हुन्छ । उदाहरणका लागि हिमाली शेर्पा गाउँमा मधेसी समुदायका प्रहरी खटाइँदा सांस्कृतिक कारणले प्रहरीको भूमिका परिणाममुखी नहुने मात्र होइन समुदाय र ऊबीच असहज स्थिति पनि सिर्जना हुनसक्छ । जनजाति बाहुल्य समुदायमा जनजाति समुदायका र मधेसमा मधेसी प्रहरीलाई खटाई प्रहरीको कार्यशैली सहभागितामूलक बनाउन सकिन्छ । यो कार्यशैलीलाई बेलायतमा अल्पसङ्ख्यक-जनजाति प्रहरी कार्यशैली भनिन्छ । पूर्व एआईजी गोविन्दप्रसाद थापाको विचारमा यो शैलीले प्रहरीबारे जनगुनासोमा कमी आउनुका साथै प्रहरीमा पारिवारिक विखण्डनको समस्या पनि घट्ने छ । परिवारसँग लामो समयसम्म छुट्टिएर बस्नुपर्ने हुँदा प्रहरी जवानहरूमा बहुविवाह तथा पारिवारिक विखण्डनको समस्या छ ।

सहभागितामूलक कार्यशैलीले भीड नियन्त्रण पनि प्रभावकारी रूपमा गर्न सकिने अनुभवीहरू बताउँछन् । लोकतन्त्रमा विरोध जुलुसहरू सामान्य प्रक्रिया हुन् । भीडको प्रभावकारी व्यवस्थापन नहुँदा हिंसा भड्की ठूलो धनजनको क्षति हुन्छ । नेपाल प्रहरीमा १५ वर्षभन्दा बढी भीड नियन्त्रण गरी सशस्त्र प्रहरी बलमा गएका डीआइजी माधव थापा भन्छन्, "विरोध जुलुसका आयोजकहरूलाई विश्वासमा लिनसके भीडलाई प्रभावकारी ढङ्गले व्यवस्थपन गर्न सकिन्छ ।" भीड नियन्त्रणमा सहभागितामूलक कार्यशैली अवलम्बन नगरिँदा साधारण भीड नियन्त्रण गर्न पनि अत्यधिक शक्तिको प्रयोग हुन जान्छ । लोकतन्त्रमा अत्यधिक शक्तिको प्रयोग हुनु राम्रो मानिँदैन । अत्यधिक शक्तिको प्रयोग शक्तिको दुरुपयोग मात्र होइन, मानवअधिकारको हनन् पनि हो । मानवअधिकारको हनन्ले सरकारको मात्र होइन, राष्ट्रकै छवि बिग्रिन्छ । २०६४ सालमा वीरगञ्जमा प्रहरी कारवाहीमा

ज्यान गुमाएका अधिकांश मधेसी आन्दोलनकारीको टाउको र छातीमा गोली लागेको थियो ।[७]

पहाडीमूलका प्रहरीलाई त्यहाँ भीड नियन्त्रण गर्न खटाइएकोले शक्तिको अत्यधिक दुरुपयोग भएको गुनासाहरू आएका थिए । मधेसी प्रहरीलाई त्यहाँ खटाइएको भए त्यसरी शक्तिको दुरुपयोग हुने थिएन कि भन्ने भनाइ छ । भीड नियन्त्रणको लागि शक्तिको प्रयोग गर्नुपर्ने अवस्था आए अत्यन्तै न्यून शक्तिको प्रयोग गर्नुपर्छ । मानवीय र सम्पत्तिको धेरै ठूलो सम्भावित क्षति रोक्न मात्र शक्तिको न्यून प्रयोग गर्नुपर्छ । कानुनले व्यवस्था गरेको बाहेक शक्तिको प्रयोग हुनु हुँदैन । विना सहभागितामूलक कार्यशैलीले प्रहरीलाई जनता, कानुन र राष्ट्रप्रति नभई शासकप्रति मात्र उत्तरदायी बनाउँछ । सहभागितामूलक कार्यशैलीले प्रहरीलाई जनता, कानुन र राष्ट्रप्रति उत्तरदायी बनाई प्रहरीको व्यावसायिक कार्यदक्षता र स्तर बढाउँछ ।

### *प्रहरी सबैको साझा*

महिला, दलित, मधेसी र जनजातिको प्रतिनिधित्व न्यून रूपमा हुँदा नेपाल प्रहरी साझा संस्था हो भन्ने धारणा प्रवल हुन सकिरहेको छैन । यो उच्च जातका पुरुषहरूको मात्र संरक्षकत्वमा रहेको मान्यताले गर्दा महिला, दलित, मधेसी र जनजातिको विश्वास यसले प्राप्त गर्न सकेको छैन । यसले गर्दा सहयोगमा कमी आई समुदायमा प्रहरी प्रभावकारी हुन असफल भएको छ । प्रहरीको उच्च तहमा दलित, महिला, मधेसीहरूको प्रतिनिधित्व नहुँदा नै आफूहरूमाथि राज्यले विभेद गरेको आवाज ती समुदायले उठाइरहेका छन् । मधेसी आन्दोलनको एउटा प्रमुख आधार पनि त्यही नै हो ।

नेपाल प्रहरी समावेशी हुँदा त्यो समस्याको अन्त्य हुन्छ । आमजनतामा प्रहरी स्थापित हुन्छ । सबैको साझा संस्था भई उक्त पेशा उदाहरणीय एवं मर्यादित पनि हुन्छ । सबै समूहको संरक्षकत्व प्राप्त गर्छ । अहिले जस्तो सत्ताधारीको मात्र प्रहरी हो भन्ने भनाइ र सोचमा कमी आउँछ । यसले न्यायपूर्ण समाजको स्थापना गर्न पनि योगदान दिन्छ ।

### समावेशीकरणका पहल

तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले २०६० कात्तिकमा महिला २० प्रतिशत, दलित १० प्रतिशत र जनजातिलाई पाँच प्रतिशत आरक्षण दिने घोषणा गरेका

---

[७] शक्ति प्रयोगसम्बन्धी निर्देशिका नभएकोले भीड नियन्त्रण गर्दा अत्यधिक शक्ति प्रयोग भइरहेको छ ।

थिए । २०६१ वैशाख १ गते आरक्षण लागू गर्ने विधि स्पष्ट पार्न तत्कालीन अर्थमन्त्री प्रकाशचन्द्र लोहनीको अध्यक्षतामा एक समिति पनि गठन भएको थियो । त्यसको लगत्तै थापा सरकार ढल्यो । २०६१ जेठ २० मा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि लोहनीको अध्यक्षतामा गठित समिति स्वत: विघटन भएपछि त्यससम्बन्धी काममा पूर्णविराम लाग्यो । तत्कालीन नेपालको संविधान २०४७ को राज्यको निर्देशक सिद्धान्त (धारा ११३) मा आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पिछडिएका समूहहरूको संरक्षण र विकासका लागि विशेष व्यवस्था मिलाउने प्रावधान छ । यसैको आधारमा आरक्षण दिने घोषणा गरिएको थियो । उक्त संवैधानिक व्यवस्थाअनुसार आरक्षण लागू गर्नुपर्ने महिला, दलित, जनजाति र दाताहरूको चर्को आवाजलाई सम्बोधन गर्न थापा सरकारले त्यस्तो घोषणा गरेको थियो । त्यही नै पिछडिएका समूहलाई (मधेसीबाहेक) आरक्षणको माध्यमबाट समावेशीकरण गर्ने पहिलो सरकारी थालनी थियो (राव र केलेहर २०६३) ।

एसियाली विकास बैंकको शासकीय सुधार कार्यक्रम र युएनडीपीको महिलालाई मूलप्रवाहीकरण अन्तर्गत निजामती सेवामा महिलालाई विशेष व्यवस्था (आरक्षण) हुनुपर्ने जोड दिइएको थियो । लोकसेवा आयोगको परीक्षा दिन चाहने महिलालाई 'कोचिङ' को व्यवस्था गर्ने सोच पनि त्यही परियोजनाहरूको परिणाम हो । लोकसेवा आयोग शाखा अधिकृतको पछिल्लो खुला प्रतिस्पर्धामा उल्लेख्य रूपमा ३७ जना महिला उतीर्ण हुनु पनि त्यसैको परिणाम हो । निजामती सेवामा महिलालाई मात्र होइन् जनजाति, दलित तथा मधेसीलाई पनि सकारात्मक विभेदको प्रक्रियाबाट समोवश गर्ने प्रयास भइरहेको छ ।

मोतीलाल बोहरा महानिरीक्षक हुँदा नै नेपाल प्रहरीलाई आधुनिकीकरण गर्न डीएफआइडीको सहयोगअन्तर्गत प्रहरी परियोजना आयो । तर त्यो परियोजनाको कार्यक्षेत्र महिला, दलित, जनजाति र मधेसीलाई नेपाल प्रहरीमा समावेशीकरण गर्ने थिएन । अन्तरिम संविधानमा 'राज्यको हरेक निकाय र तहमा समावेशीकरण गर्ने उल्लेख' भएपछि २०६४ असोज ३० गते मन्त्रिपरिषद्ले गरेको निर्णय नै नेपाल प्रहरीको भर्नामा आरक्षण प्रदान गर्ने तथा समावेशीकरणको पक्षमा भएको पहिलो निर्णय हो । तथापि भर्नामा मात्र आरक्षणको व्यवस्था गरिएकोले प्रहरी नेतृत्व समावेशीप्रति उदासिन भएको स्पष्ट हुन्छ । संयुक्त मधेसी मोर्चाले फागुन १ देखि १६ गतेसम्म मधेसी आन्दोलन गरी बढुवामा पनि समावेशी प्रक्रिया अपनाउन सरकारलाई सहमत गराएको छ । राज्यको हरेक निकाय र तहमा समावेशी गर्नुपर्ने भनी संविधानमा उल्लेख भएकोले बढुवा, सरुवा र

अवसर प्राप्तिमा पनि आरक्षणको व्यवस्था हुनुपर्छ । त्यसपछि मात्र नेपाल प्रहरीमा सही अर्थको समावेशीकरण हुन्छ ।

## कसरी गर्ने समावेशीकरण

अन्तरिम संविधानमै समावेशीकरणको व्यवस्था भएकोले नेपाल प्रहरीलाई समावेशी अनिवार्य रूपमा बनाउनु पर्छ । मुख्यतया (१) प्रहरी सेवा आयोग गठन, (२) सुरक्षित बनाउने संयन्त्र निर्माण र (३) स्वतन्त्र अनुगमन संयन्त्र निर्माण समावेशीकरणको लागि महत्त्वपूर्ण छन् ।

### *संवैधानिक प्रहरी सेवा आयोग गठन*

प्रहरी सेवाको भर्ना, सरुवा र बढुवालाई निष्पक्ष तथा पारदर्शी बनाउन अधिकांश राष्ट्रमा स्वतन्त्र प्रहरी सेवा आयोग हुन्छ । भारतको भारतीय प्रहरी सेवा *(आइपीएस)* आयोगलाई उदाहरणको रूपमा लिन सकिन्छ । लोकसेवा आयोग निजामती सेवाका लागि हो, प्रहरी सेवाका लागि होइन । जनशक्ति र विशेषज्ञताको अभावमा लोकसेवा आयोगले लिएको लिखित परीक्षाले सक्षम र योग्य प्रहरी जनशक्तिको छनोट हुन सक्दैन । शारीरिक र अन्तर्वार्ता परीक्षा गृहमन्त्रालयको प्रभाव हुने बोर्डले सञ्चालन गर्ने हुँदा राजनीतिक प्रभाव र लेनदेनका गुनासो नेपाल प्रहरीको निरीक्षक र सहायक निरीक्षकको परीक्षामा सधैँ आउने गरेको छ । भर्ना परीक्षा मात्र होइन बढुवा र सरुवा पनि विवादित हुने गरेको छ ।

संवैधानिक प्रहरी सेवा आयोगबाट प्रहरी भर्ना, बढुवा र सरुवा प्रक्रिया निष्पक्ष र पारदर्शी भई राजनीतिक प्रभावको मात्रा धेरै घटाउँदछ । यसले योग्य र क्षमतावानको प्रवेश प्रहरी सेवामा भई सेवाको स्तर वृद्धि हुन्छ । राजनीतिक हस्तक्षेप हुन छाडेपछि प्रहरी सेवामा कुलीनहरूको वर्चस्व घटी योग्य र क्षमतावानको वर्चस्व बढ्छ । त्यसैले प्रहरीमा परम्परागत सामन्ती सोचको अन्त्य भई नेपाल प्रहरी समावेशी हुनेछ ।

### *सुरक्षित बनाउने संयन्त्र निर्माण*

कार्यक्षेत्र सुरक्षित नभएकोले पनि नेपाल प्रहरीमा महिला सहभागिता उत्साहजनक नभएको हो । दिनरात नभनी खटिनुपर्ने प्रहरी व्यवसायको प्रकृति भएकैले महिलाको लागि जोखिमपूर्ण हुन्छ । अन्तर्राष्ट्रिय अध्ययनहरूले सेना, अर्ध-सैनिक बल तथा प्रहरीमा संलग्न महिलाहरू विशेषगरी यौनशोषण र दुर्व्यवहारका शिकार हुने गरेको देखाएका छन् । संयुक्त राष्ट्रसङ्घ जस्ता संस्थाले कार्यक्षेत्रमा

महिला विरुद्ध हुने यौनशोषण र दुर्व्यवहारलाई नियन्त्रण गर्न संयन्त्र गठन गर्नुपर्ने अवधारणा अगाडि ल्याएको छ । भारत, बेलायत, अमेरिका, स्वीट्जरल्याण्ड जस्ता राष्ट्रहरूमा कार्यक्षेत्रमा महिला विरुद्ध हुने यौनशोषण र दुर्व्यवहारमा कमी आई महिला सहभागिता बढेको बताइन्छ ।

नेपाल प्रहरीका महिलाले कार्यक्षेत्रमा यौन दुर्व्यवहार र शोषणबाट पीडित हुनुपरेको औपचारिक गुनासो पाइँदैन । यदाकदा सुनिने गुनासाहरूले गर्दा उक्त जोखिमबाट महिलाहरू मुक्त नभएको स्पष्ट हुन्छ । नेपाल प्रहरीको ट्राफिक, गण, जिल्ला प्रहरी कार्यालय, परिसर, अस्पताल आदिमा महिला प्रहरी विरुद्ध हुने यौनशोषण र दुर्व्यवहारसम्बन्धी गुनासो सुन्ने तथा स्वतन्त्र अनुसन्धान गर्ने संयन्त्र स्थापना गर्नुपर्छ । प्रहरीभित्र हुने गुनासाहरूलाई सम्बोधन गर्न प्रहरी महानिरीक्षकको सचिवालयमा 'उजुरी छानबीन सेल' राखिएको छ । तर इच्छाशक्ति र निष्पक्षताको अभावमा त्यो निष्प्रभावी छ ।

प्रहरी पेशा महिलाका लागि सुरक्षित छ भनी आश्वस्त पार्न राज्यले सङ्गठित हुने अधिकार दिएको हुन्छ । संयुक्त राष्ट्रसङ्घले यो अधिकारलाई प्रोत्साहन गर्छ । भारतीय महिला प्रहरी सङ्गठन, बेलायती महिला प्रहरी सङ्घ आदि महिला प्रहरीका सङ्गठन हुन् । महिला प्रहरीको अन्तर्राष्ट्रिय सङ्घ *(आइएडब्लुओ)* पनि छ । यो सङ्घमा महिला प्रहरीले सामना गर्नु परिरहेको समस्यालाई सामूहिक रूपमा उठाइन्छ । नेपाल प्रहरीमा महिलाको सार्थक प्रतिनिधित्व वृद्धि गर्न माथि उल्लिखित संयन्त्र बनाउनु पर्छ । संयन्त्रको अभावमा प्रहरीमा दण्डहीनताको संस्कृति अझ मौलाई भेदभाव र उत्पीडनले संरक्षण पाउँछ । उच्च जातबाट हुने संस्कृतिजन्य हिंसा र उत्पीडन अन्त्यको लागि अधिकारसम्पन्न एक संयन्त्र गठन हुनुपर्छ । दलित, मधेसी एवं जनजाति पनि कार्यक्षेत्रमा हुने दुर्व्यवहारको शिकार बनेका छन् । पछाडि पारिएका समूहहरूको अधिकारको लागि बनाइएको आयोगलाई संवैधानिक आयोग बनाइए त्यो संयन्त्रको काम पनि हुन सक्छ ।

### *स्वतन्त्र अनुगमन व्यवस्था*

नेपाल प्रहरीलाई समावेशी गर्ने नीति लागू गरेर मात्र हुँदैन, प्रभावकारी कार्यान्वयन पनि हुनुपर्छ । स्वतन्त्र संयन्त्रको अभावमा समावेशीको पक्षमा बनेका नीति प्रभावकारी कार्यान्वयन नहुन पनि सक्छ । नीति प्रभावकारी कार्यान्वयनको लागि 'स्वतन्त्र प्रहरी छानबीन आयोग' बन्नु पर्छ । यो कार्यको लागि लण्डन प्रहरीमा उच्च स्तरीय प्रहरी छानबिन आयोग छ । उक्त आयोगले प्रहरी अन्तर्गतको गुनासो, गलत अभ्यास, भ्रष्टाचार, विभेद र दुर्व्यवहारबारे छरितो रूपमा छानबिन

गर्छ । नेपाल प्रहरीलाई समावेशीकरण गर्न मात्र होइन लोकतान्त्रिक बनाउन पनि यस्ता संयन्त्रहरूको आवश्यकता पर्छ । महानगरीय प्रहरी प्रणालीको लागि यो अनिवार्य सर्त हो ।

## निष्कर्ष

नेपाल प्रहरी समावेशी छैन । भर्नामा मात्र विशेष अधिकार (आरक्षण) को व्यवस्था गरिएकोले नेपाल प्रहरीलाई समावेशी गर्न अवलम्बन गरिएको नीति अपूरो छ । महिला, दलित, जनजाति, मधेसीको प्रतिनिधित्व भर्ना/छनोट, सरुवा (जिम्मेवारी प्रदान), बढुवा र अवसर प्राप्ति नभएसम्म नेपाल प्रहरीमा सही अर्थको समावेशी हुँदैन ।

नेपाल प्रहरी समावेशी नहुने अनगिन्ती कारणहरूमध्ये वर्णमा आधारित विभेद प्रणाली, पितृसत्तात्मक सोच, एकात्मक राज्यशैली र औपनिवेशिक प्रहरी ढाँचा प्रमुख हुन् । नेपाल प्रहरीलाई समावेशी गर्दा प्रहरीको माध्यमले समाज रूपान्तरण हुने मात्र होइन प्रहरी अनुसन्धान मैत्री हुने, कार्यशैली सहभागितामूलक बन्ने र प्रहरी सबैको साझा हो भन्ने भावनाको विकास हुन्छ । संवैधानिक प्रहरी सेवा आयोग गठन, सुरक्षा प्रत्याभूति दिने संयन्त्रको स्थापना र स्वतन्त्र अनुगमन संयन्त्रको स्थापनाद्वारा प्रहरीलाई समावेशी गर्न बल पुग्छ । गृहमन्त्रालय र प्रहरी नेतृत्वमा परम्परावादी सोच हावी भएकोले यस अनुसारको समावेशीकरणको गति धिमा हुने सम्भावना बढी छ । तथापि उनीहरूले समावेशीकरणको लहरलाई छेक्न सक्ने सम्भावना छैन ।

समावेशीकरण समाज रूपान्तरणको एक प्रभावकारी माध्यम हो । नयाँ नेपाल निर्माण प्रक्रियामा यो अनिवार्य सर्त हो । संविधानसभा निर्वाचनमा नयाँ नेपाल निर्माणको लागि अभिमत प्रकट भएकोले राज्यको सुरक्षा निकायहरूमध्ये नेपाल प्रहरीलाई पनि समावेशी बनाउनुपर्ने अवस्था छ । प्रहरी समावेशी हुँदा त्यसमा संलग्न महिला, जनजाति, दलित र मधेसी मात्र लाभान्वित हुँदैनन्, सार्वजनिक सुरक्षाको स्थितिमा सुधार पनि आउने छ । राज्यको सामन्ती संरचनालाई कमजोर बनाउने प्रक्रियामा पनि यसले बल पुऱ्याउन सक्छ । त्यसैले नेकपा (माओवादी), नेपाली काँग्रेस, नेकपा (एमाले), मधेसी जनअधिकार फोरमलगायतका राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा उल्लेख गरेको समावेशीसम्बन्धी प्रतिबद्धतालाई व्यवहारमा लागू गरिनुपर्छ ।

## सन्दर्भ सामग्री

दाहाल, डिल्लीराम र कृष्णबहादुर भट्टचन । २०६३ । नेपालमा आरक्षणसम्बन्धी समाजशास्त्रीय दृष्टिकोण । *विशेष अधिकार र आरक्षणको राजनीति* मा । पूर्ण बस्नेत र सुभाष दर्नाल, सं., पृ. ३६-४४ । काठमाडौँ: जागरण मिडिया सेन्टर ।

पौडेल, तुलसीराम । २०५९ । *लैङ्गिक अध्ययनको रूपरेखा* । काठमाडौँ: निमा पुस्तक प्रकाशन ।

भट्टचन, कृष्णबहादुर । सन् २००४ । समावेशी प्रजातन्त्रका अपेक्षित मोडेल र प्रक्रिया । *समावेशी लोकतन्त्रका आधारहरू* मा । मोहन मैनाली, सं., पृ. ४९-५५ । ललितपुर: सोसल साइन्स बहा: ।

राई, टीकाराम । २०६३ । महानगरीय प्रहरी । *कान्तिपुर*, १ मङ्सिर, पृ. ७ ।

राणा, ओमविक्रम । २०६२ । *यौन अपराध अनुसन्धान* । काठमाडौँ: काठमाण्डु टुडे प्रकाशन प्रा.लि. ।

राव, अरूणा र डेविड केलेहर । २०६३ । सामाजिक समावेशीकरणको माध्यमका रूपमा सकारात्मक विभेद: भ्रम र यथार्थ । *विशेष अधिकार र आरक्षणको राजनीति* मा । पूर्ण बस्नेत र सुभाष दर्नाल, सं., पृ. ११७-१६४ । काठमाडौँ: जागरण मिडिया सेन्टर ।

रिसाल, भैरव र राममणि रिसाल । २०६४ । *नेपालका मन्त्रीहरू* । काठमाडौँ: लेखकहरू ।

वाग्ले, तारा । २०६४ । आरक्षण हैन सहभागिता । *हिमाल खबरपत्रिका*, १६-२९ माघ, पृ. ४४-४५ ।

वैद्य, तुलसीराम, त्रिरत्न मानन्धर र भद्ररत्न बज्रचार्य । २०५२ । *नेपाल प्रहरीको इतिहास* । काठमाडौँ: प्रहरी प्रधान कार्यालय ।

Gaige, Frederick H. 1975. *Regionalism and National Unity in Nepal*. Berkeley and Los Angeles: University of California Press.

Mawby, RI. 2003. Models of Police. *Handbook of Policing*. E Tim Newburn, ed., p. 15-41. UK: Willian Publishing.

## अनुसूची १: नेपालको जात/जनजाति तथा सांस्कृतिक विविधता, जनगणना २००१

| | |
|---|---|
| जनजाति/जाति समूहहरूको कुल सङ्ख्या | १०० |
| कुल भाषिक समूहहरू* | ९२ |
| कुल धार्मिक समूहहरू | ९ |
| जातजन्य उद्भव भएका हिन्दू 'उच्च जातहरू' | ४६.५८% |
| जातजन्य उद्भाव भएका 'निम्न जातहरू' वा दलितहरू | ११.६६% |
| आदिवासी जनजातिहरू (५.४८% नेवारहरू समेत)** | ३६.३१% |
| मुसलमानहरू | ४.२९% |
| अन्य | १.६% |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २००१ को राष्ट्रिय जनगणना, दाहाल सन् १९९५, भट्टचन र अरू सन् २००३।

* समर इन्स्टिच्यूट अफ लिङ्गुइस्टिक्सले १२५ भाषा र भाषिकाहरू सूचीबद्ध गरेको छ।

** नेपाल सरकारले ५९ ओटा आदिवासी जनजाति समूहहरुलाई पहिचान गरी मान्यता दिएको छ। तर २००१ को जनगणनामा १६ आदिवासी जनजातिहरु गायब भएका छन्।

## अनुसूची २: प्रहरी महानिरीक्षकहरू

| क.सं. | नाम | जातीय पृष्ठभूमि |
|---|---|---|
| १ | तोरणशमशेर जबरा | राणा |
| २ | नरशमशेर जबरा | राणा |
| ३ | ज्ञानबहादुर याक्थुम्बा | जनजाति (लिम्बू) |
| ४ | गोपालशमशेर जबरा | राणा |
| ५ | पूर्णसिंह खवास | क्षेत्री |
| ६ | तीर्थबहादुर शाह (कामु) | ठकुरी |
| ७ | ढुण्डीराज शर्मा | ब्राह्मण |
| ८ | पहलसिंह लामा | जनजाति (तामाङ) |
| ९ | रोमबहादुर थापा | जनजाति (मगर) |
| १० | खड्कजित बराल | जनजाति (मगर) |
| ११ | दुर्लभकुमार थापा | क्षेत्री |
| १२ | दिलबहादुर लामा | जनजाति (तामाङ) |
| १३ | हेमबहादुर सिंह | ठकुरी |

| क्र.सं. | नाम | जातीय पृष्ठभूमि |
|---|---|---|
| १४ | रत्नशमशेर जबरा | राणा |
| १५ | मोतीलाल बोहोरा | क्षेत्री |
| १६ | अच्युतकृष्ण खरेल | ब्राह्मण |
| १७ | ध्रुबबहादुर प्रधान | जनजाति (नेवार) |
| १८ | प्रदिपशमशेर जबरा | राणा |
| १९ | श्यामभक्त थापा | क्षेत्री |
| २० | ओमविक्रम राणा | राणा |

## अनुसूची ३: गृहमन्त्रीहरू

| क्र.सं. | नाम | जात/समूह | मिति |
|---|---|---|---|
| १ | विश्वेश्वरप्रसाद कोइराला | उच्चजात | २००७ फागुन ७ |
| २ | मे.ज. महावीर शमशेर जबरा | उच्चजात | २००९ साउन ३० |
| ३ | मे.ज. महावीर शमशेर जबरा | उच्चजात | २०१० असार ४ |
| ४ | टंकप्रसाद आचार्य | उच्चजात | २०१० फागुन ७ |
| ५ | टंकप्रसाद आचार्य (प्रधानमन्त्री) | उच्चजात | २०१२ माघ १३ |
| ६ | कुवरइन्द्रजित सिंह (प्रधानमन्त्री) | उच्चजात | २०१४ साउन ११ |
| ७ | डिल्लीरमण रेग्मी | उच्चजात | २०१५ जेठ २ |
| ८ | सूर्यप्रसाद उपाध्याय | उच्चजात | २०१६ जेठ १६ |
| ९ | सूर्यप्रसाद उपाध्याय | उच्चजात | २०१६ साउन १६ |
| १० | विश्वबन्धु थापा | उच्चजात | २०१७ पुष १३ |
| ११ | विश्वबन्धु थापा | उच्चजात | २०१९ साउन १८ |
| १२ | गिरिप्रसाद बुढाथोकी | उच्चजात | २०१९ चैत २० |
| १३ | तुलसी गिरी | उच्चजात | २०२० चैत २७ |
| १४ | दिलबहादुर श्रेष्ठ | जनजाति | २०२१ माघ १३ |
| १५ | सूर्यबहादुर थापा | उच्चजात | २०२२ असार २ |
| १६ | बेदानन्द झा | मधेसी | २०२३ साउन १६ |
| १७ | बेदानन्द झा | मधेसी | २०२३ फागुन २१ |
| १८ | गेहेन्द्रबहादुर राजभण्डारी | जनजाति | २०२४ जेठ १५ |
| १९ | सूर्यबहादुर थापा | उच्चजात | २०२५ असोज १० |
| २० | खड्गबहादुर सिंह | उच्चजात | २०२५ चैत २५ |
| २१ | शैलेन्द्रकुमार उपाध्याय | उच्चजात | २०२६ चैत ३१ |
| २२ | रुद्रप्रसाद गिरी | उच्चजात | २०२८ वैशाख १ |
| २३. | शम्भुप्रसाद ज्ञवाली | उच्चजात | २०२८ भदौ १३ |
| २४ | जोगमेहर श्रेष्ठ | जनजाति | २०२९ वैशाख ४ |

| **क्र.सं.** | **नाम** | **जात/समूह** | **मिति** |
|---|---|---|---|
| २५ | होमबहादुर श्रेष्ठ | जनजाति | २०३० साउन १ |
| २६ | होमबहादुर श्रेष्ड | जनजाति | २०३० चैत १६ |
| २७ | होमबहादुर श्रेष्ठ | जनजाति | २०३१ कात्तिक १५ |
| २८ | भोजराज घिमिरे | उच्चजात | २०३२ मङ्सीर १५ |
| २९ | भोजराज घिमिरे | उच्चजात | २०३३ भदौ १७ |
| ३० | खड्गबहादुर सिंह | उच्चजात | २०३४ भदौ २७ |
| ३१ | केदारमान व्यथित | जनजाति | २०३६ जेठ १६ |
| ३२ | जोगमेहर श्रेष्ठ | जनजाति | २०३६ जेठ १६ |
| ३३ | नवराज सुवेदी | उच्चजाति | २०३७ जेठ १९ |
| ३४ | नरबहादुर गुरुङ (सहायक मन्त्री) | जनजाति | २०३८ असोज २४ |
| ३५ | नैनबहादुर स्वाँर | उच्चजाति | २०३९ असोज २४ |
| ३६ | पद्मसुन्दर लावती | जनजाति | २०४० असार २९ |
| ३७ | पद्मसुन्दर लावती | जनजाति | २०४१ असोज १ |
| ३८ | लिलाराज विष्ट | उच्चजात | २०४२ चैत ८ |
| ३९ | प्रकाशबहादुर सिंह | उच्चजात | २०४३ असार २ |
| ४० | निरञ्जन थापा (राज्यमन्त्री) | उच्चजात | २०४४ फागुन २ |
| ४१ | निरञ्जन थापा (राज्यमन्त्री) | उच्चजात | २०४५ कात्तिक १५ |
| ४२ | निरञ्जन थापा (राज्यमन्त्री) | उच्चजात | २०४६ भदौ १४ |
| ४३ | निरञ्जन थापा (राज्यमन्त्री) | उच्चजात | २०४६ चैत १९ |
| ४४ | नैनबहादुर स्वाँर | उच्चजात | २०४६ चैत २४ |
| **२०४६ सालको प्रजातन्त्रपछि** | | | |
| **क्र.सं.** | **नाम** | **जात/समूह** | **मिति** |
| ४५ | योगप्रसाद उपाध्याय | उच्चजात | २०४७ वैशाख ६ |
| ४६ | शेरबहादुर देउवा | उच्चजात | २०४८ जेठ १५ |
| ४७ | शेरबहादुर देउवा | उच्चजात | २०४८ पुष १५ |
| ४८ | केपी शर्मा ओली | उच्चजात | २०५१ मङ्सीर १४ |
| ४९ | शेरबहादुर देउवा (प्रधानमन्त्री) | उच्चजात | २०५२ भदौ २७ |
| ५० | खुमबहादुर खड्का | उच्चजात | २०५२ असोज ६ |
| ५१ | खुमबहादुर खड्का | उच्चजात | २०५३ असोज २४ |
| ५२ | वामदेव गौतम | उच्चजात | २०५३ चैत १२ |
| ५३ | बुद्धिमान तामाङ | जनजाति | २०५४ असोज २७ |
| ५४ | खुमबहादुर खड्का | उच्चजात | २०५४ मङ्सीर १८ |
| ५५ | गोविन्दराज जोशी | उच्चजात | २०५५ वैशाख ८ |
| ५६ | गोविन्दराज जोशी | उच्चजात | २०५५ पुस १० |

| क्र.सं. | नाम | जात/समूह | मिति |
|---|---|---|---|
| ५७ | पूर्णबहादुर खड्का | उच्चजात | २०५६ असार १६ |
| ५८ | गोविन्दराज जोशी | उच्चजात | २०५६ चैत ८ |
| ५९ | रामचन्द्र पौडेल (उपप्रधानमन्त्री) | उच्चजात | २०५७ माघ १५ |
| ६० | खुमबहादुर खड्का | उच्चजात | २०५८ साउन ११ |
| ६१ | खुमबहादुर खड्का | उच्चजात | २०५८ कात्तिक २ |
| ६२ | धर्मबहादुर थापा | उच्चजात | २०५८ असोज २५ |
| ६३ | पूर्णबहादुर खड्का | उच्चजात | २०६१ असार २१ |
| **शाही शासनकाल** | | | |
| **क्र.सं.** | **नाम** | **जात/समूह** | **मिति** |
| ६४ | दानबहादुर शाही | उच्चजात | २०६२ असार ३० |
| ६५ | कमल थापा | उच्चजात | २०६२ मङ्सीर २२ |
| **लोकतन्त्रपछि** | | | |
| **क्र.सं.** | **नाम** | **जात/समूह** | **मिति** |
| ६६ | कृष्णप्रसाद सिटौला | उच्चजात | २०६३ वैशाख १९ |
| ६७ | कृष्णप्रसाद सिटौला | उच्चजात | २०६३ चैत १८ |